# सम्माननीय राष्ट्रपति समक्ष कार्यवाहक महालेखापरीक्षक श्री सुकदेव भट्टराई खत्रीज्यूबाट चवन्नौं वार्षिक प्रतिवेदन, २०७३ पेश

नेपालको संविधानको धारा २४१ सरकारी कार्यालयको लेखा कानूनवमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुनेछ भन्ने व्यवस्थाअनुसार ४ हजार ७८६ इकाइको २०७२।७३ को रु. ३३ खर्ब ३९ अर्ब ७८ करोडको लेखापरीक्षण सम्पन्न गरी तयार गरेको महालेखापरीक्षकको चौवन्नौं वार्षिक प्रतिवेदन, २०७३ सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारी समक्ष कार्यवाहक महालेखापरीक्षक श्री सुकदेव खत्रीज्यूले २०७३।१२।३० मा पेश गर्नुभयो। लेखापरीक्षणबाट यो वर्ष ९७ अर्ब ४३ लाख ६९ हजार बेरुजू कायम भएको छ।

पारदर्शिता मार्फत सुशासन कायम गर्न जोड दिनु हुने खत्रीज्यूले यो वर्षदेखि ७५ जिल्लाकै जिल्लागत प्रतिवेदन, वार्षिक प्रतिवेदन, परामर्श दिएका संस्थाको प्रतिवेदन, कार्यमूलक र विशेष लेखापरीक्षण प्रतिवेदन समेत तयार गरी सार्वजनिक गर्नुभएको छ। कार्यवाहक महलेखापरीक्षकको नेतृत्वमा कार्यालयले विगतको भन्दा फरक ढंगले मन्त्रालयगत, जिल्लागत प्रतिवेदन, विषयगत साझा व्यहोराको प्रतिवेदन र कार्यालयले परामर्श दिएका संस्थाको प्रतिवेदन प्रस्तुत गरेको छ। सवै प्रतिवेदन आजकै मितिमा कार्यालयको वेभसाइट www.oag.gov.np मार्फत सार्वजनिक गरिएको छ।

प्रस्तुत भएका विभिन्न खण्डका प्रतिवेदनले आर्थिक अनुशासन कायम गर्न सवैलाई मद्धत पुग्ने विश्वास गरिएको छ।

सोही दिन कार्यालयको सभाकक्षमा पत्रकार सम्मेलनको आयोजना गरी कार्यवाहक महालेखापरीक्षक श्री सुकदेव खत्रीज्यूले प्रतिवेदनमा समावेश भएका प्रमुख व्यहोराको सम्बन्धमा प्रकाश पार्नुका साथै पत्रकारले राखेको जिज्ञासाको समेत जवाफ दिनुभएको छ।

उहाँले प्रतिवेदन बुझाए लगत्तै लेखापरीक्षण प्रतिवेदन तयार गर्नमा सहयोग र चासो व्यक्त गर्नु हुने व्यवस्थापिका-संसद, संवैधानिक निकायहरु, नेपाल सरकार र मातहतका सबै निकाय, सार्वजनिक संस्था, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, आम नागरिकलगायत सबैमा आभार व्यक्त गर्नुको साथै प्रतिवेदन तयारीको काममा अहोरात्र खटी तोकिएकै समयमा सम्माननीय राष्ट्रपति समक्ष प्रतिवेदन पेश गर्न सहयोग पुऱ्याउनुहुने यस कार्यालयका परिश्रमी एवं लगनशील सबै कर्मचारीलाई धन्यवाद समेत दिनुभयो।